# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ २७ गते

**विद्यालय सुचारु गर्न तथा बन्दमा बालबालिकाको प्रयोग नगर्न आग्रह ।**

राष्ट्रिय मानव अधिकार आयोगले वन्द, हड्ताल र विरोधका कार्यक्रम जस्तामा बालबालिकाको प्रयोग नगर्न तथा शैक्षिक संस्था निर्वाध रुपमा संचालन गर्ने तर्फ ध्यान दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

शिक्षासँग सम्बन्धित विभिन्न संघ, संस्थाको सहभागितामा आज आयोगमा भएको छलफलमा आयोगका अध्यक्ष अनुप राज शर्माले पढ्न पाउने बालबालिकाको नैसर्गिक अधिकार भएकाले कसैले पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन् गर्न नहुने बताउनु भएको थियो ।

विद्यार्थी, बिरामी, उपभोक्ता र आम नागरिकको हकको लागि आयोगले सधैं आवाज उठाउदै आएको जानकारी गराउँदै अध्यक्ष शर्माले बालबालिकाको भविष्य अन्धकार हुन नदिन सरकार लगायत सम्बन्धित निकायले विद्यालय सुचारु गर्ने तर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

विभिन्न जिल्लामा बन्दका कारण मानव अधिकार हनन्को अवस्थाको बारेमा आयोगले निरन्तर अनुगमन गरिरहेको भन्दै अध्यक्ष शर्माले बन्दमा बालबालिकाको प्रयोग गर्नु अन्तार्राष्ट्रिय कानून र मान्यता विपरीत रहेको बताउनुभयो ।

सो अवसरमा एन.प्याव्सनका अध्यक्ष कर्णबहादुर शाही, प्यावसनका अध्यक्ष लक्ष्यबहादुर के.सी, अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारी, हिसानका उपाध्यक्ष रमेश सिलवाल लगायतले तराई मधेस लगायत देशका विभिन्न स्थानमा भइरहेको बन्द, हड्तालका कारण विद्यार्थीहरुको पढ्न पाउने अधिकारका साथै विद्यालय शान्ति क्षेत्र भन्ने अवधारणलाई आत्मसात गर्दै यथाशीघ्र विद्यालयहरु सुचारु गर्ने वातावरण तयार गर्न आयोगले पहल थाल्नुपर्ने बताएका थिए । नेपाल सरकारद्वारा २०६८ सालमा घोषणा गरिएको विद्यालय शान्ति क्षेत्र हुन भन्ने मर्म र भावनालाई सम्पूर्ण राजनीतिक दलहरुले अपहेलना गर्न नहुने तर्फ सहभागीहरुले ध्यानाकर्षण गराएका थिए । सो अवसरमा सहभागीहरुले उच्च माध्यमिक शिक्षा तर्फ कक्षा ११ को रजिष्टेशन गर्ने म्याद भाद्र मसान्त सम्म मात्र रहेकोले म्याद बढाउने तर्फ आयोगले पहल गरिदिन समेत आग्रह गरेका थिए । शिक्षा मन्त्रालयले विद्यालय र कलेजहरु सुचारु गरी पठन पाठन संचालन गर्न तर्फ पहल नगरेको भन्दै शिक्षा सँग सम्बन्धित प्रतिनिधिहरुले विद्यालयका यातायातका साधनहरुलाई एम्बुलेन्स सरहको सुविधा प्रदान गरी विद्यालय शान्ति क्षेत्रको मर्म र भावनालाई व्यवहारमा लागू गर्न आन्दोलनरत पक्षहरुलाई आग्रह गरेका थिए ।

बन्द आव्ह्रानकर्ताहरुले विद्यालय सुचारु गरी पठन पाठनको वातावरण तयार गर्न पहल गरिदिन शिक्षासँग सम्बन्धित एन.प्याव्सन, प्यावसन, अभिभावक संघ नेपाल, हिसान लगायतका संघ,संस्थाले आयोगको ध्यानाकर्षण गराएका थिए ।

**वेदप्रसाद भट्टराई**

**का.मु. सचिव**

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org